# प्रतिवेदन

आदिवासी जनजाति महिलाहरुको सांस्कृतिक पहिचानसँग गांसिएको
भेष-भुषाको संरक्षण एवम् संवर्द्धन र विकास
कार्यक्रमको प्रतिवेदन
२०७०

## पेश गरिएको

नेपाल सरकार
नेपाल सरकार संस्कृति, पर्यटन तथा नागरिक उडड्यन मन्त्रालय
सिंहदरबार, काठमाडौं

**पेश गर्ने**

आदिवासी जनजाति महिला युवा संजाल
ललितपुर-३, पुल्चोक

# विषयसूची


| क्र.सं. | विषय | पेज नं: |
|---|---|---|
| १. | कार्यक्रमको नाम, उदेश्य | १ |
| २. | विधि | २ |
| ३. | उपलब्धिहरु | ३ |
| ४. | निकर्ष्ष | ४ |
| ५. | सुझाव | ५ |

# आदिवासी जनजाति महिलाहरुको सांस्कृतिक पहिचानसँग गांसिएको भेष-भुषाको संरक्षण एवम् संवर्द्धन र विकास
## कार्यक्रम प्रतिवेदन
## २०७०

१. कार्यक्रमको नामः

“आदिवासी जनजाति महिलाहरुको सांस्कृतिक पहिचानसँग गांसिएको भेष-भुषाको संरक्षण एवम् संवर्द्धन र विकास” संक्षिप्त कार्यक्रमको परिचयः

विविधताभित्र एकताले भरिपुर्ण नेपाल  प्राकृतिक रुपमा विश्वमा नै धनी मानिन्छ । यहाँको प्राकृतिक सौन्दर्यता, साँस्कृतिक विषमता, सामुदायिक विभिन्नता नै राष्ट्रको धरोहर सम्पदा हो । नेपालको प्राकृतिक विषमतासँगै नेपालीहरु बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुराष्ट्रिय र बहुसाँस्कृतिक विविधता भएको समुदायहरु एक आपसमा मिलेर बसिरहेका छन् । यी समुदायहरुको उत्पति समय तथा विकाससँगै उनीहरुको आ-आफ्नै किसिमको पहिचान रहेको छ । वास्तवमा मानवको पहिचान भनेको नै आ-आफ्नो किसिमको भेषभुषा, भाषा, धर्म, संस्कृति आदि हुन । यसकारण यदी कुनै  पनि मानव समुदायको अस्तित्व सखाप पार्ने हो भने त्यो जातिको भाषा, भेषभुषा र संस्कृतिलाई सिध्याई दिने, हो भने त्यो समुदायको सबै पहिचान नै सखाप भएर जान्छ । साथै ती समुदायहरु अस्तित्व विहिन भएर बाँच्नु पर्दछ । जसको जातको कुनै अर्थ रहँदैन । उसको राष्ट्रियता रहँदैन । पहिचान नै हुँदैन । यसकारण कुनै पनि जाति परम्परागत कला, संस्कृति तथा भेष भुषाको महत्व, यसको राष्ट्रियतासँगको सम्बन्ध साथै राष्ट्रको सम्पदा पनि हो । तर आजको युवा पुस्ताहरुमा बेरोजगारी समस्याको कारण, पश्चिमी शैलीको नक्कलको कारण आफ्नो समुदायको भेषभुषा, कला, सांस्कृतिक सम्पदाहरुको कुनै चासो रहेको पाइन्न । नेपालको विविधता समुदायहरु भित्र आदिवासी जनजाति, दलित तथा अन्य सिमान्तकृत जातिहरु रहेका छन् । ती समुदायहरु यीनै सांस्कृतिक पहिचानको आधारमा विभाजन गरिएको छ । यसका साथै राज्यको समविकासमा यी सिमान्तकृति जातिहरुलाई तथा आदिवासी जनजातिहरुलार्य राज्यको मुल प्रवाहमा ल्याउन सोही किसिमको नीति निर्माण गरी कार्यान्वयन गरिरहेको अवस्था छ ।

**परम्परागत सांस्कृतिक पहिचानसँग गांसिएको भेष-भुषाको संरक्षण एवम् संवर्द्धन तथा हाकुपटासी तालिम**

**२०७० जेष्ठ १३**

| आयोजक | सहयोगी |
| --- | --- |
| आदिवासी जनजाति महिला युवा संजाल | नेपाल सरकार संस्कृति, पर्यटन  तथा नागरिक उडड्यन मन्त्रालय |

विश्वको कुल जनसंख्याको करिब पचास प्रतिशत भन्दा बढी महिलाहरुको जनसंख्या रहेको छ । भने नेपालमा पनि करिब पचास प्रतिशत भन्दा बढी महिलाहरुको जनसंख्या रहेको छ । राष्ट्रिय जनगणना २०६८ लाई आधार मान्दा करिब ३७ प्रतिशत आदिवासी जनजातिहरुको जनसंख्या रहेको छ । यसको आधा भन्दा बढी महिलाहरुको जनसंख्या रहेको छ । राज्यबाट मान्यता प्राप्त आदिवासीहरु ५९ मध्ये केही बाहेक अन्य सबै समुदायहरुको आ-आफ्नै किसिमको भेषभुषा, सांस्कृतिक परम्परा रहेको छ । वास्तवमा हरेक समुदायहरुको महिलाहरु नै पिडित रहेका अवस्था छ । साथै उनीहरु आफ्नो अधिकारबाट पनि बन्चित हुनु परेको छ । यसले महिलाहरुमा आफ्नो भेषभुषाको प्रयोग तथा सदुपयोग बारेमा चेतनाको कमीको कारण भेषभुषाको अर्थ नबुझ्नी साथै पश्चिमेली चाल चलनको कारण ती समुदायहरुको भेषभुषा तथा संस्कृतिहरु अझ लोप हुने अवस्थामा रहेको छ । यसकारण बर्तमान अवस्थामा दिनानु दिन लोप हुँदै गईरहेको आदिवासी जनजाति महिलाहरुको भेषभुषाको बारेमा तथा यसको महत्वको बारेमा सचेतना जगाउँदै आदिवासीहरुको पहिचान स्थापित गर्नको लागि आदिवासी समुदायसँग सम्बन्धित हाकुपटासी बुनाई तालिम तथा अन्य भेषभुषाहरुको बारेमा सचेतना कार्यक्रम सम्पन्न गरी प्रतिवेदन तयार गरिएको छ ।

२. परियोजना/कार्यक्रमको लक्ष्य र उदेश्यः

लक्ष्यः क) आदिवासी जनजाति महिलाहरुको पहिचानसँग जोडिएको भेषभुषाको बारेमा सचेतना गर्दै राष्ट्रिय सम्पदाको संरक्षण तथा संवर्द्धन गर्ने ।

उदेश्यहरुः क) आदिवासी जनजाति महिलायुवाहरुमा हाकुपटासी तथा अन्य भेष भुषाको बारेमा तालिम दिदै आदिवासीहरुको पहिचानलाई संरक्षण गर्ने ।

ख) आदिवासी युवाहरुमा सीप विकास गर्दे रोजगारीको सृजना गरी पर्यटन विकासमा राष्ट्रलाई सहयोग पुर्‍याउने ।

३.कार्यक्रम सञ्चालन प्रक्रियाः

आदिवासी जनजाति महिला युवाहरुलाई लक्षित गरि यो कार्यक्रम खाका तयार गरिएको थियो । बर्तमान अवस्थामा धेरैजसो उपत्यका भित्ररहेका आदिवासी युवाहरुमा पश्चिमी शैलीको प्रभाव परेको हुनाले उपत्यकामा रहेका आदिवासी जनजाति महिला युवाहरुलाई लक्षित गरी ललितपुर जिल्लामा कार्यक्रम संचालन गरिएको थियो । जसमा संजालको कोषाध्यक्ष छालु चाम्लिङले कार्यक्रम व्यवस्थापन गरेको थियो । यसै गरी सचिव सृष्टि मगरले स्रोत व्यक्तिको व्यवस्थापन, सहभागीहरुको व्यवस्थापन गरेको थियो । यसैगरी हल व्यवस्थापन तथा अन्य कार्यहरु व्यवस्थापन गर्नको लागी



सदस्य श्री विमला राई, सीता चौधरी आदिले गर्नुभएको थियो । प्रशिक्षकको रुपमा अनुपमा श्रेष्ठ रहनु भएको थियो । विगत दश वर्ष देखी आदिवासी जनजातिहरुको अधिकारको लागी लडिराख्नु भएकी स्रोत व्यक्तिले आदिवासीहरुको पहिचानको लागी सर्वप्रथम तथा भाषा र भेष भुषा नै रहेको जानकारी दिए । यदी कुनै पनि समाजको आफ्नो पहिचान झल्कीने किसिमको भेष नभएमा उसको पहिचान पनि छुटै देखिन सक्दैन । यसको साथै पुर्खाहरुको पाला देखी नै विकास हुँदै आएको प्रयोग हुँदै आएको भेषभुषाहरुको आफ्नो छुट्टै महत्व रहेको हुन्छ । त्यति मात्र नभएर आदिवासीहरुको कलाले बनाइएको भेषभुषा हरेक किसिमबाट हामीलाई फाइदा पुग्दछ । जब पहिचान स्थापित भएको हाम्रो परम्परागत भेषभुषा लगाउँछौं तब त्यसलाई उत्पदान गर्दा सिप संरक्षण हुन्छ, रोजगारीको अवसर बढ्छ साथै आर्थिक आयमा पनि विकास हुन्छ । यस्तो भेषभुषा उत्पदान कार्यमा महिलाहरुको विशेष भुमिका रहन्छ । यसकारण आदिवासीहरुको आ-आफ्नो पहिचान गर्दै संरक्षण तथा संवद्धन गर्न आश्वयक छ ।

४. कार्यक्रमबाट प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा लाभावन्तिः

- उपलब्धिहरुः
१.आदिवासी जनजातिहरुको भेषभुषा तथा यसको महत्वको बारेमा चेतना ।
२. आदिवासी जनजातिहरुको पहिचानको महत्वको बारेमा युवा पुस्तामा सचेतना ।
३. हाकुपटासी बुनाई बारेमा सिपको विकास ।

- लाभावन्ति जनसंख्याः
१. आदिवासी जनजातिहरुको भेषभुषा तथा यसको महत्वको बारेमा प्रत्यक्ष रुपमा २५ तथा अप्रत्यक्ष रुपमा ५५ जना भन्दा बढी महिला युवाहरुमा सचेतना ।
२. आदिवासी जनजाति महिलाहरुको पहिचानको महत्वको बारेमा युवा १०० भन्दा बढी युवा पुस्तामा सचेतना ।
३. २५ जना आदिवासी जनजाति युवाहरुमा हाकुपटासी बुनाई बारेमा सिप विकास ।

- लाभावन्ति भएको माध्यमः
१. तालिम मार्फत
२. छलफल मार्फत
३. विभिन्न पर्चा मार्फत लक्षित सहभागीहरुमा प्रशिक्षक प्रशिक्षण र अनुभव आदान प्रदान मार्फत ।



५. कार्यक्रमबाट प्राप्त लाभ र प्रतिफलः
आदिवासी जनजातिहरुको पहिचान भनेको नै सांस्कृतिक सम्पत्तिहरु हुन जसमा, परम्परागत भेषभुषा, संस्कृति, चालचलन, रहनसहन, भाषा, ऐतिहासिक स्थल, भुमी, लिपि, कला, साहित्य, धर्म आदि हुन । यदी आदिवासीहरुको भाषा,

भेषभुषालाई मासिदिने हो भने आदिवासी हौं भन्ने किसिमको आफ्नो पहिचान नै सखाप भएर जान्छ । त्यसकारण हराउँदै गईरहेको आदिवासीहरुको भेषभुषालाई आदिवासी युवाहरुमा यसको महत्वको बारेमा सचेतना तथा सिप विकास तालिम दिन सकेमा आदिवासीहरुको पहिचान स्थापना गर्नको लागि यसले मद्दत पुग्छ यसका साथै हराउँदै गएको आदिवासीहरुको सांस्कृतिक सम्पदा तथा राष्ट्रको सम्पदा संरक्षण गर्नमा यसले सहयोग पुग्नेछ । साथै आम आदिवासी समुदायहरुले हामी आदिवासी हौं भन्ने किसिमको पहिचान दिन सक्छ भने राष्ट्रले पनि विविधता भित्रको एकता भएको सांस्कृतिक सम्पदामा गर्व गर्न सक्छ । यसले पर्यटन विकासमा सहयोग पुर्‍याउँदै स्वरोजगारको पनि  स्थापना गर्न सक्छ । यसकारण यस कार्यक्रम मार्फत सहभागीहरुले केही रुपमा भएता पनि लाभ प्राप्त गरेका छन् ।



६. निष्कर्ष तथा सुझाव

आदिवासी जनजातिहरुको पहिचानसँग जोडिएको भेषभुषा बर्तमान अवस्थामा हराउँदै गईरहेका छ । यसकारण आदिवासी जनजाति महिला युवाहरुलाई आदिवासीहरुको परम्परागत भेषभुषाहरुको बारेमा सचेतना तथा सिप विकास हुने किसिमको तालिम दिईएकोले निश्चय नै उनीहरुमा सचेतनाको विकास भई आफ्नो पहिचानको लागि थप संरक्षण तथा संवर्द्धनमा सहयोग पुर्‍याउनेछ । यसकारण यो कार्यक्रम संचालन मार्फत प्रत्यक्ष रुपमा २५ सहभागीहरुले यस बारेमा ज्ञान प्राप्त गरेका छन् भने अप्रत्यक्ष रुपमा उनीहरुले आ-आफ्नो समुदायहरु तथा संस्थाहरुमा पनि तालिम, आदान प्रदान कार्यक्रम राखी अन्य युवाहरुमा यसको प्रभाव पार्नेछ । यसकारण उनीहरुमा पहिचान र भेषभुषाको महत्व बारेमा सचेतना जगाउन सकेमा आदिवासी समुदायहरुको अस्तित्व संरक्षण हुँदै जानेछ । यसका साथै थप यस्ता कार्यक्रमहरु अन्य युवा तथा समुदायहरुले पनि संचालन गर्दै जानेछ । यसको फाइदा भनेको आफ्नो पहिचान संरक्षण गर्दै स्वरोजगारको पनि सृजना हो । यसकारण आदिवासीहरको पहिचानको लागी तथा परम्परागत सिप र ज्ञानको प्रवर्द्धन गर्नको लागी यस कार्यक्रमले उर्जा थपेको छ । साथै युवाहरु आफ्नो मौलिक पहिचानको बारेमा ज्ञान प्राप्त भएको छ । त्यसकारण मनत्रालयले आगामी दिनहरु निम्न अनुसारको कार्यक्रमहरु तयार गर्न आवश्यक छ ।

**सुझावहरु**

- परम्परागत ज्ञान तथा सिपलाई प्राथमिता दिंदै लक्षित समुदायहरुलाई तालिम उपलब्ध गराउने कार्यक्रमहरु ल्याउने ।
- विभिन्न समुदायहरुको भाषा कक्षा संचालन, उनीहरुको परम्परागत संस्कृतिको संरक्षण तथा लक्षित समुदायहरुको स्थानिय गाउँ स्तरमा अभियान मुखी कार्यक्रमहरु ।
- हाल मन्त्रालयले सञ्चालन गरिरहेको क्रियाकलापहरुलाई यथास्थानमा राख्दै त्यसलाई थप निरन्तरता दिंदै जानु पर्छ ।
- लक्षित समुदायहरु जो सामुदायिक हिसाबमा, विकासको हिसाबमा पछि परेका छन् उनीहरुलाई स्रोत व्यवस्थापनमा विशेष सुरक्षित राख्नु पर्दछ ।

- संभव भए सम्म मन्त्रालय आफैले पनि विभिन्न सांस्कृति सम्पदाहरुको पहिचान, परिचय खुल्ने किसिमको हाते पुस्तिका निर्माण गर्नु पर्दछ । यदी ऐतिहासिक स्थलहरुको जानकारी नभएमा तिनीहरुको खोज अनुसनधान गर्नको लागी कार्यक्रम तयार गरी लक्षित समुदायहरुलाई खोज अनुसन्धानको व्यवस्था गर्न आवश्यक छ ।